# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७८।०६।०४ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

नेपाल खाद्य संस्थान शाखा लहानमा वि.सं. २०७५ सालमा नियम विपरीत ७० हजार क्विन्टल धान खरिद गर्दा कमिसन लिई भ्रष्टाचार गरेको, गुणस्तरहीन धान खरिद गरी चामल सडेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा साविक नेपाल खाद्य संस्थान, मुख्य शाखा कार्यालय, लहानका कर्मचारी र मिल संचालकसमेतको मिलोमतोमा बदनियतपूर्वक तरिकाले खरिद व्यबस्था निर्देशिका बिपरीत भुक्तानी दिई रु. ९७,०२,७८४।२८ हानिनोक्सानी पुऱ्याएको पुष्टि भएको र सो सम्बन्धमा देहायका ब्यक्तिहरुले देहायबमोजिम कसुर गरेको देखिएकोले निजहरुलाई देहायबमोजिम सजायको मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३५ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

**देहायः**

| सि.नं. | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | कार्यालय प्रमुख गंगा प्रसाद साह र तत्कालीन लेखा प्रमुख सुनिता कुमारी यादव | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मुख्य शाखा साविक नेपाल खाद्य संस्थान, मुख्य शाखा कार्यालय, लाहान, सिराहा | रु. ९७,०२,७८४।२८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को प्राबधान बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम उक्त बिगो असुलउपर हुन मागदाबी लिइएको छ । |
| २. | संचालक अशोक कुमार अग्रवाल | निलकमल सेलर मिल | रु. ७,५१,१४३।६० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन र सोही दफा बमोजिम उक्त बिगो जफत हुन मागदाबी लिइएको छ । |
| ३. | संचालक लालु प्रसाद अग्रवाल | गिरधारी खाद्य उद्योग | रु. ५८,७५,६१२।१६ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपउफा (४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन र सोही दफा बमोजिम उक्त बिगो जफत हुन मागदाबी लिइएको छ |

प्रवक्ता
नारायण प्रसाद रिसाल